**भिमाद नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भिमाद, तनहूँ**
**गण्डकी प्रदेश, नेपाल**

प.सं./Ref. No.:- ०७७/०७८
च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६
मितिः २०७७/०६/१७

**भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना ।**

यस नगरपालिका वडा नं. ६ को क्याम्पस रोडमा समुदायमा कोरोना भाइरसको संक्रमण देखिएको र भिमाद वजार वडा नं. ६/७ समुदायको भिडभाड हुने मुख्य क्षेत्र भएको हुनाले वजार क्षेत्रमा कन्ट्र्याक ट्रेसिङ गरी संक्रमणको पहिचान एवं जोखिम न्युनिकरण गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा मिति २०७७/०६/१७ गते वेलुका ५ वजे देखि मिति २०७७/०६/२२ गते सम्मको लागि भिमाद नगरपालिका वडा नं. ६ को पुरै क्षेत्र र वडा नं. ७ को भिमाद प्रवेश गर्ने नाका पुलको मुख देखि पेट्रोल पम्प हुदै वागटार क्षेत्रमा अत्यावश्यक सेवाहरु (स्वास्थ्य, विपद्व, सुरक्षा) वाहेक अन्य सवै सेवाहरु पूर्णरुपमा वन्द गर्ने भनी मिति २०७७/०६/१७ गते वसेको सर्वपक्षीय वैठकवाट निर्णय भएकोले सोको प्रभावकारी कार्यान्वयन गरी महामारीको जोखिम न्युनिकरण गर्ने कार्यमा सवैले आ-आफ्नो क्षेत्रवाट देहाय वमोजिम सहयोग गरिदिनु हुन अनुरोध गरिन्छ।

**तपसिल**

क. भिमाद वजारवाट अन्य पालिकाहरुमा जाने अत्यावश्यक सवारी साधनहरु भिमाद वजार क्षेत्रमा नरोकिइकन आ-आफ्नो क्षेत्रतर्फ जाने ।

ख. भिमाद नगरपालिकाको वजार क्षेत्र अन्तरगत रहेका व्यापारिक क्षेत्रहरुलाइ निम्न अनुसारका क्षेत्रमा हुने स्वाव टेष्टमा आवश्यक सहयोग गर्न।

१. क्याम्पस रोड (जनज्योति चोकदेखि वसपार्क चोकसम्म)
२. लखन चोक देखि कुमार चोकसम्म
३. पुरानो वजार देखि पेट्रोल पम्प सम्म
४. वागटार चोक
५. मालेवगर

ग. अत्यावश्यक काममा बाहेक घरबाट बाहिर ननिस्कने,
घ. अत्यावश्यक काममा घर बाहिर निस्कन पर्ने भएमा अनिवार्य रुपमा मास्क लगाउने र समूहमा नहिड्ने,
ङ. भौतिक र सामाजिक दुरी कायम गर्ने,

२०७७/६/१७

भिमाद नगरपालिका, तनहुँ ।

नि. प्रमुख प्रशासकीय अधिकृत